# गोडैता नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गोडैता, सर्लाही

मधेश प्रदेश, नेपाल

प.स. : २०७९|०८०

च.नं. २२००

मिति :२०८०|०३|१८

श्री वडा कार्यालय सबै ।

गोडैता नगरपालिका ।

**विषयः सामाजिक सुरक्षा/बालपोषण भत्ता भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नविकरण गर्ने सम्बन्धमा ।**

उपरोक्त विषयमा सामाजिक सुरक्षा(पहिलो संशोधन) नियमावली २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा वितरण कार्यविधि २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका प्रत्येक लाभग्राहीहरुले आ.व २०८०|०८१ को लागि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आगामी २०८० श्रावण १गतेदेखि भाद्र मसान्तभित्र नाम नविकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था रहेकोले रितपुर्वक लाभग्राहीको भौतिक उपस्थितिमा सक्कल नागरिकता/जन्मदर्ता रुजु गरी मात्र नविकरण गर्नु गराउनुहुन सूचित गरिन्छ साथै तोकेका समयावधि भित्र नविकरण फारम र आवश्यक कागजातसहित नविकरण हुन नसकेमा लाभग्राहिले खाईपाईआईरहेको सामाजिक सुरक्षा/बालपोषण भत्ता खान छुटेमा त्यसको सम्पुर्ण जिम्मेवारी सम्वन्धित लाभग्राही,र सम्बन्धित वडा कार्यालयको नै हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**नोटःसामाजिक सुरक्षा भत्ता एवम बालपोषण भत्ता प्राप्त गर्न नागरिकता /जन्मदर्ता नै मुख्य आधार हुने भएकोले नागरिकता वा जन्मदर्तामा केरमेट गरिएको,कोपारिएको ईत्यादि भएको पाईएमा नविकरण नगर्नु नगराउनुहुन समेत जानकारी गराईन्छ साथै सो को जानकारी यस न.पा को सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखामा समेत जानकारी गराउनुहुन अनुरोध छ ।**

..........................

रमेश प्रसाद यादव

(प्रमुख प्रशासकीय अधिकृत)

रमेश प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा,गोडैता नगरपालिका ।

श्री आर्थिक प्रशासन शाखा,गोडैता नगरपालिका ।

श्री सुचना प्रविधि शाखा,गोडैता नगरपालिकाः-वेभसाईट/फेसबुक पेजमा अपलोड गरिदिनु हुन ।

website : www.godaitamun.gov.np , Email : info@godaitamun.gov.np , godaitamunicipality@gmail.com
contact no. : 9854038382 , 9861444827 , 9851178068